2nd June, 2026, Tuesday

National News

प्रमुख समाचार

१. भारत–नेपाल सम्बन्धमा तेस्रो पक्षको भूमिका नरहेको भारतको स्पष्टिकरण

२. नेपालको राष्ट्रिय स्वतन्त्र पार्टीका प्रतिनिधिमण्डलले भारतीय जनता पार्टीका अध्यक्ष श्री नितिन नवीनसँग गर्‍यो भेटवार्ता

३.भारतको सर्वोच्च अदालतमा पाँच नयाँ न्यायाधीशले लिए शपथ

४. नीट प्रश्नपत्र लीग प्रकरणमा पक्राउ पाँच अभियुक्तको न्यायिक हिरासत १५ तारिखसम्म बढाइयो

१. भारत–नेपाल-पाकिस्तान

भारतले नेपाल र भारतबीचको द्विपक्षीय सम्बन्धमा कुनै पनि तेस्रो पक्षको भूमिका नरहेको स्पष्ट गरेको छ। भारतीय विदेश मन्त्रालयका प्रवक्ता रणधीर जायसवालले नेपालका प्रधानमन्त्रीको भारत–नेपाल सीमासम्बन्धी टिप्पणी तथा त्यसपछि नेपालको विदेश मन्त्रालयले जारी गरेको वक्तव्यबारे सोधिएको प्रश्नको जवाफमा उक्त धारणा व्यक्त गर्नुभएको हो। उहाँले सीमा सम्बन्धी सबै विषय समाधान गर्न स्थापित द्विपक्षीय संयन्त्रहरू रहेको बताउँदै भारत–नेपाल सीमाको करिब ९८ प्रतिशत भागको सीमांकन सम्पन्न भइसकेको जानकारी दिनुभयो।

यसैबीच, भारतले जम्मु–कश्मीर सम्बन्धमा पाकिस्तान–युरोपेली संघको संयुक्त वक्तव्यमा गरिएको उल्लेखलाई पनि अस्वीकार गरेको छ। प्रवक्ता जायसवालले केन्द्रशासित प्रदेश जम्मु–कश्मीर र लद्दाख भारतका अभिन्न अंग भएको दोहोर्‍याउँदै यस्ता विषयमा अधिकार नभएका पक्षहरूले टिप्पणी गर्नु उपयुक्त नहुने बताउनुभयो।

२. नेपाली प्रतिनिधिमण्डल- भाजपा

नेपालको राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति श्री रवि लामिछानेको नेतृत्वमा रहेको एक प्रतिनिधिमण्डलले आज नयाँ दिल्लीमा भारतीय जनता पार्टीका अध्यक्ष श्री नितिन नवीनसँग भेटवार्ता गरेको छ। उक्त भेट ‘भाजपालाई जानौं’ कार्यक्रमअन्तर्गत आयोजना गरिएको थियो। प्रतिनिधिमण्डललाई स्वागत गर्नु हुँदै अध्यक्ष नवीनले भारत र नेपालबीचको घनिष्ठ तथा ऐतिहासिक सम्बन्धबारे चर्चा गर्नुभयो। उहाँले दुवै देशबीचको सम्बन्ध साझा सभ्यतागत विरासत, सांस्कृतिक निकटता तथा जनस्तरको बलियो सम्बन्धमा आधारित रहेको बताउनुभयो। उहाँले यस्ता संवादहरूले लोकतान्त्रिक आदानप्रदानलाई सुदृढ बनाउनुका साथै

राजनीतिक दलहरूबीचको सहकार्यलाई अझ गहिरो बनाउन सहयोग पुग्ने धारणा व्यक्त गर्नुभयो। भेटका क्रममा अध्यक्ष नवीनले भाजपाको राजनीतिक यात्रा, विचारधारा, संगठनात्मक संरचना तथा जनमुखी राजनीतिक कार्यशैलीबारे जानकारी गराउनुभयो। उहाँले राष्ट्रिय तहदेखि बुथ तहसम्मको पार्टी संगठनको संरचनाबारे व्याख्या गर्नु हुँदै जनतासँग निरन्तर र प्रत्यक्ष सम्पर्क कायम राख्न कार्यकर्ताहरूको महत्वपूर्ण भूमिका रहेको उल्लेख गर्नुभयो। भाजपा अध्यक्षले प्रधानमन्त्री श्री नरेन्द्र मोदीको नेतृत्वमा अवलम्बन गरिएको विकासमुखी सुशासन मोडेलबारे पनि चर्चा गर्नुभयो। उहाँले विकास, सेवा, सुशासन तथा कल्याणकारी योजनाको प्रभावकारी कार्यान्वयन नै भाजपा को जनसम्पर्क र शासन प्रणालीको केन्द्रबिन्दु रहेको बताउनुभयो।

## ३.नीट प्रश्नपत्र-लीग प्रकरण

दिल्लीको एक न्यायालयले नीट प्रश्नपत्र लीग प्रकरणमा संलग्न पाँच अभियुक्तको न्यायिक हिरासत यस महिनाको १५ तारिखसम्म बढाएको छ । विशेष न्यायाधीश श्री अजय गुप्ताले केन्द्रीय अनुसन्धान ब्युरो (सीबीआई) को अनुरोध स्वीकार गर्नु हुँदै मंगीलाल खटिक, विकास बिवाल, दिनेश बिवाल, यश यादव तथा धनञ्जय लोखण्डेको न्यायिक हिरासत अवधि बढाउने आदेश दिनुभएको हो । यसअघि हिजो भौतिकशास्त्रकी प्राध्यापक मनीषा सञ्जय हवालदार, बालरोग विशेषज्ञ डा. मनोज शिरुरे तथा भौतिकशास्त्र शिक्षक तेजस हर्षदकुमार शाहलाई १४ दिनको न्यायिक हिरासतमा पठाइएको थियो। यस प्रकरणमा सीबीआईले हालसम्म १३ जनालाई पक्राउ गरिसकेको छ। प्रश्नपत्र लीग गरेको आरोपपछि राष्ट्रिय परीक्षा एजेन्सी (एनटीए) ले गत  ३ मईमा सञ्चालन भएको राष्ट्रिय पात्रता तथा प्रवेश परीक्षा (नीट) रद्द गरेको थियो। पुनः परीक्षा आगामी २१ जुनमा सञ्चालन गर्ने तालिका तय गरिएको छ।

## 4. भारत–दक्षिण अफ्रिका

दक्षिण अफ्रिकाका उपराष्ट्रपति श्री शिपोकोसा पाउलस माशातिलेले आज नयाँ दिल्लीमा भारतका उपराष्ट्रपति श्री सी. पी. राधाकृष्णनसँग भेटवार्ता गर्नुभएको छ। उहाँसँगै दक्षिण अफ्रिका सरकारका वरिष्ठ मन्त्री तथा उच्च अधिकारीहरूको उच्चस्तरीय प्रतिनिधिमण्डल पनि सहभागी रहेको थियो। भेटका क्रममा दुवै नेताबीच भारत–दक्षिण अफ्रिका द्विपक्षीय सम्बन्धलाई अझ सुदृढ बनाउने विषयमा सार्थक छलफल भएको छ। वार्तामा व्यापार, लगानी, रक्षा सहयोग, सीप विकास तथा जनस्तरका सम्बन्धलाई प्रवर्द्धन गर्ने विषयमा विशेष जोड दिइएको थियो साथै विश्व दक्षिण (ग्लोबल साउथ) का प्राथमिकताहरूलाई अघि बढाउने तथा

बहुपक्षीय मञ्चहरूमा आपसी सहकार्य विस्तार गर्ने विषयमा पनि विचार–विमर्श गर्नुभएको बताइएको छ।

<u>५ . सर्वोच न्यायालय- शपथ ग्रहण</u>

भारतका प्रधान न्यायाधीश श्री सूर्यकान्तले आज सर्वोच्च न्यायालयका पाँच नयाँ न्यायाधीशलाई पद तथा गोपनीयताको शपथ गराउनुभएको छ। सर्वोच्च न्यायालयको कोलेजियमको सिफारिसमा केन्द्र सरकारले नियुक्तिलाई स्वीकृति दिएपछि न्यायमूर्ति शील नागु, चन्द्रशेखर, संजीव सचदेवा, अरुण पल्ली तथा वरिष्ठ अधिवक्ता वी. मोहनाले न्यायाधीशका रूपमा शपथ ग्रहण गर्नुभएको हो । २२ र २७ मईमा बसेको कोलेजियमको बैठकले गरेको सिफारिसअनुसार केन्द्र सरकारले हिजो चार उच्च न्यायालयका मुख्य न्यायाधीश तथा वरिष्ठ अधिवक्ता मोहानालाई सर्वोच्च अदालतमा पदोन्नति गर्न स्वीकृति दिएको थियो। यो शपथ ग्रहण समारोह राष्ट्रपति श्रीमती द्रौपदी मुर्मुले केही साताअघि लागू गर्नुभएको ‘सर्वोच्च न्यायालय संशोधन अध्यादेश, २०२६’ लागू भएपछि सम्पन्न भएको हो । उक्त अध्यादेशअनुसार प्रधान न्यायाधीशसहित सर्वोच्च अदालतका न्यायाधीशहरूको स्वीकृत संख्या ३४ बाट बढाएर ३८ पुऱ्याइएको छ।

<u>६. शिक्षा - राष्ट्रपति मुर्मु</u>

राष्ट्रपति द्रौपदी मुर्मुले शिक्षा सशक्तीकरणको एक शक्तिशाली माध्यम भएको बताउनु हुँदै यसले व्यक्तिलाई आत्मनिर्भर, सचेत तथा सक्षम बनाउने बताउनुभएको छ। आज नयाँ दिल्लीमा छात्रवृत्ति योजनाका आदिवासी लाभग्राहीहरूलाई सम्बोधन गर्नु हुँदै उहाँले समाजका सबै वर्गले सामाजिक, आर्थिक तथा शैक्षिक रूपमा प्रगति गरे मात्र वास्तविक विकास सम्भव हुने उल्लेख गर्नुभयो। राष्ट्रपति मुर्मुले सरकारी छात्रवृत्ति योजनाहरूले उच्च शिक्षामा पहुँच र नयाँ अवसरहरू उपलब्ध गराएर आदिवासी समुदायको जीवनमा सकारात्मक परिवर्तन ल्याएको बताउनुभयो। उहाँले भारतमा प्रतिभाको कमी नरहेको उल्लेख गर्नुहुँदै प्रतिभाको पहिचान, विकास तथा त्यसलाई फस्टाउन उपयुक्त मञ्च उपलब्ध गराउनु आवश्यक रहेकोमा जोड दिनुभयो।
राष्ट्रपतिले केन्द्र सरकारले विभिन्न योजनामार्फत आदिवासी समुदायका युवाहरूलाई सशक्त र उन्नत बनाउन निरन्तर प्रयास गरिरहेको बताउनुभयो। उहाँले छात्रवृत्ति योजनाहरू केवल आर्थिक सहयोगका माध्यम मात्र नभई युवाहरूका सपनालाई पखेटा दिने साधन भएको उल्लेख गर्नुभयो। उहाँले अपार प्रतिभा भए पनि स्रोत–साधनको अभावका कारण अगाडि बढ्न नसकेका युवाहरूका लागि छात्रवृत्तिले नयाँ सम्भावनाका ढोका खोल्ने बताउनुभयो। राष्ट्रपति

मुर्मुले युवा शक्ति राष्ट्रको बल, आशा र उज्ज्वल भविष्य भएको उल्लेख गर्दै विशेषगरी आदिवासी समुदायका युवाहरूलाई आफ्ना जरा र समुदायलाई कहिल्यै नबिर्सन आग्रह गर्नुभयो।

७. भेनेजुएला- राष्ट्रपति

भेनेजुएलाकी कार्यवाहक राष्ट्रपति डेल्सी रोड्रिगेज भोलिदेखि चारदिने भारत भ्रमणमा आउनुहुने भएको छ। आज नयाँ दिल्लीमा सञ्चारकर्मीसँग कुरा गर्नुहुँदै भारतीय विदेश मन्त्रालयका प्रवक्ता श्री रणधीर जायसवालले डेल्सी रोड्रिगेजसँगै मन्त्री परिषद्का प्रमुख मन्त्रीहरू पनि भ्रमण टोलीमा सहभागी रहने जानकारी दिनुभयो।
उहाँ अनुसार भ्रमणका क्रममा कार्यवाहक राष्ट्रपति रोड्रिगेजले भारतीय प्रधानमन्त्री नरेन्द्रदीसँग द्विपक्षीय वार्ता गर्नुहुनेछ। वार्ता ऊर्जा, व्यापार, लगानी, स्वास्थ्य सेवा, औषधि उद्योग तथा नवीकरणीय ऊर्जाका क्षेत्रमा सहयोगका सम्भावनाको खोजीमा केन्द्रित रहने बताइएको छ।

८. भारत- अफ्रिका-चिकित्सा सहायता

भारतले इबोला भाइरससँग जुध्न अफ्रिका रोग नियन्त्रण तथा रोकथाम केन्द्रलाई ४३ टन चिकित्सा सामग्रीसहितको दोस्रो खेप सहायता पठाएको छ। विदेशमन्त्री डा. एस. जयशंकरले सामाजिक सञ्जालमार्फत जानकारी दिनुहुँदै उक्त सहायता सामग्रीमा रोग पहिचान उपकरण, निगरानी सामग्री तथा औषधिहरू समावेश रहेको बताउनुभएको छ। उहाँले यस सहयोगले अफ्रिकी संघका सदस्य राष्ट्रहरूलाई इबोला भाइरसको संक्रमण नियन्त्रण तथा व्यवस्थापनमा सहयोग पुग्ने विश्वास व्यक्त गर्नुभएको छ। यसअघि भारतले २४ मईमा सीडीसीलाई पहिलो चरणको चिकित्सा सहायता सामग्री पठाएको थियो।

९. दक्षिण सुडान-भारतीय शान्ति सैनिक

दक्षिण सुडानमा संयुक्त राष्ट्रसंघीय शान्ति मिसनअन्तर्गत कार्यरत ५६५ भारतीय शान्ति सैनिकलाई शान्ति स्थापना तथा नागरिक सुरक्षामा पुऱ्याएको योगदानका लागि संयुक्त राष्ट्रसंघको सम्मान पदक प्रदान गरिएको छ। जसमा ५३ जना महिला पनि रहेका छन् । भारतीय शान्ति सैनिकहरूलाई गस्ती, सामुदाय सहभागिता, महिला आत्मरक्षा तालिम तथा मानवीय सहायता पहुँच विस्तारमा गरेको योगदानका लागि सम्मान गरिएको हो।

१०.महिला क्रिकेट : भारत र इंग्ल्याण्ड

महिला क्रिकेटअन्तर्गत भारत र इंग्ल्याण्डबीचको तेस्रो तथा अन्तिम टी–२० अन्तर्राष्ट्रिय खेल आज इङ्ग्ल्याण्डको टन्टनमा खेलिने भएको छ। भारतले शृङ्खलाको पहिलो खेल ८ रनले जितेको थियो। दोस्रो खेलमा इङ्ग्ल्याण्डले २६ रनको जित निकाल्दै शृङ्खला १–१ को बराबरीमा ल्याएको थियो। खेल भारतीय समयअनुसार राति ११ बजे सुरु हुनेछ।